
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०७९




दार्मा गाउँपालिका

गाउँपालिकाको कार्यालय

कर्णाली प्रदेश, नेपाल

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०७९

## विषयसूची


परिच्छेद - १

१. पृष्ठभूमि १

२. कानूनी दायित्व १

३. वर्तमान स्थिति २

परिच्छेद - २

४. लैससास समस्या, चुनौती र अवसरहरु ३

५. लैससास नीतिको आवश्यकता तथा महत्व ४

परिच्छेद- ४

६. दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्य ६

६.१ दीर्घकालीन सोच ६

६.२. दीर्घकालीन लक्ष्य ६

६.३ उद्देश्यहरु ६

६.४. परिभाषा ६

७. नीतिहरु ९

८. रणनीति तथा कार्यनीतिहरु ९

परिच्छेद- ५

९.संस्थागत संरचना १८

१०. अनुगमन तथा मूल्यांकन २०

११ समन्वय तथा सहकार्य २०

१२. नीतिको पुनरावलोकन तथा सुधार २१

१३. नीतिको कार्यान्वयन २१

१४. खारेजी तथा बचाउ २१

# परिच्छेद - १

## १. पृष्ठभूमि

दार्मा गाउँपालिकाले लैङ्गिक समानता तथा समावेशी गाउँपालिका निर्माण गर्नुपर्ने संवैधानिक दायित्व अनुरुप समुदायमा पछाडि पारिएका महिला, दलित, जनजाति, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलगायत अल्पसंख्यक र सीमान्तकृत समुदायलाई समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताको भुमिकासहित लैङ्गिक समानता र सामाजिक समावेशीकरणमार्फत सवैले सम्मान तथा न्याय वोध हुने वातावरण निर्माण गर्न र गाउँपालिकावाट प्रवाह हुने सेवा, सुविधा तथा विकासका कार्यक्रमहरुबाट लक्षित वर्गहरुलाई समान रुपमा लाभान्वित वनाउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले **"दार्मा गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०७९"** तर्जुमा गरिएको छ ।

## २. कानूनी दायित्व

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नेपालको संविधानको आधारभूत शर्त तथा मान्यता हो । वि.सं. २०७२ सालमा संघीय गणतन्त्रात्मक व्यवस्थासहितको संविधानले प्रस्तावनामा नै बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरेको पाइन्छ । संविधानले समानतालाई सामाजिक न्याय सुनिश्चित गर्ने प्रमुख आधारको रुपमा लिएको छ । समानता तथा समतामूलक समाज निर्माणको लागि जातजाति, भाषा, धर्म, लैङ्गिक, वर्गीय, क्षेत्रीय तथा सामाजिक, आर्थिक, राजनीतिकलगायत कुनै पनि आधारमा भेदभाव गर्न नहुने र समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा देशको विकास गर्नुपर्ने कुरालाई स्वीकारेको छ । संविधानको मौलिक हक अन्तर्गत धारा १६ ले सबै व्यक्तिहरुको सम्मानपूर्वक बाच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा ३८ ले महिलाको हक, धारा ३९ ले बालवालिकाको हक, धारा ४० ले दलितको हक, धारा ४१ ले जेष्ठ नागरिकको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) ले सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले मौलिक हक कार्यान्वयनका लागि राज्यले गर्नुपर्ने दायित्वको समेत व्यवस्था गरेको छ । संविधानले प्रत्याभूत गरेका अधिकारहरुको प्रभावकारी कार्यान्वयन राज्यका तीनै तहका सरकार संघीय, प्रदेश तथा स्थानीय सरकारहरुले लैङ्गिक समानता तथा समावेशी शासन पद्धतिलाई संस्थागत गर्न आवश्यक छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको सामाजिक समावेशीकरण नीति, २०७६, पन्धौ योजना (२०७६/०७७-२०८०/२०८१) र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ तथा नेपालले प्रतिवद्धता जनाएका दिगो विकास लक्ष्यको लक्ष्य ४ र ५ ले पनि योजनादेखि उपलब्धिसम्म लैङ्गिक समानता र समावेशी विषयलाई कार्यान्वयन गर्न सबै तहहरुमा निर्देशित व्यवस्था गरेको छ । संविधानको धारा २२६ ले गाउँसभा र नगरसभाले संविधानको अनुसूची ८ र ९ बमोजिमको सूचीअनुसार आवश्यक कानून वनाउन सक्ने स्पष्ट व्यवस्था गरेको छ ।

## ३. वर्तमान स्थिति

दर्मा गाउँपालिका सञ्चालन गर्ने क्रममा यस पालिकाले कानून, नीति, नियम तथा कार्यविधि तथा मापदण्डसमेत गरी हालसम्म ४६ वटा कानून निर्माण गरी लागु गरेको अवस्था छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी छुट्टै नीति नभए तापनि यस पालिकाले महिला, बालबालिका, अपांगता भएका व्यक्ति तथा दलितलगायत पछाडि पारिएका लच्छित वर्गको सशक्तिकरण तथा अधिकार संरक्षणका लागि आयमूलक, सिपमूलक तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन्। पालिका अन्तर्गत महिला विकास शाखाको स्थापना गरी सो शाखा अन्तर्गत कार्यक्रम सञ्चालन गर्न छुट्टै वजेट विनियोजन भएको छ। वजेट तथा कार्यक्रम लैङ्गिकमैत्री छ वा छैन भन्ने मूल्यांकनका लागि विगत वर्षदेखि जेन्डर अडिटको पनि सुरुवात गरेको छ। दार्मा गाउँपालिमा वहुभाषा, वहुजातिको वसोवास रहेको हुँदा जातिगत र धार्मिक विविधता रहेको पालिकाको रुपमा चिनिन्छ। ढाकाडाम, भल्चौर र दार्माकोट गाविस गरी ३ वटा गा.वि.स.लाई समावेश गरी स्थापना भएको हो। कुल ६ वटा वडा विभाजन गरेका यस गाउँपालिकामा महिला १०२९९ र पुरुष ९६९९ गरी जम्मा १९९९८ जनसंख्या रहेको छ। जातजातिको हिसावले यस गाउँपालिकामा पहिलोमा क्षेत्री, दोस्रोमा ब्राह्मण र तेस्रोमा दलित तथा जनजातिको वसोवास रहेको पाइन्छ। औषत आम्दानीको हिसावले सवैभन्दा वढी कृषि व्यवसायले ओगटेको छ। अन्य स्थानीय वासीहरुको आम्दानीको श्रोतहरुमा व्यापार, नोकरी, उद्योगको साथै वैदेशिक रोजगारी रहेको छ।

"उपाध्यक्ष उद्यमी कार्यक्रम", "उत्पादन वृद्धि दार्माको समृद्धि", " कृषिमा आवश्यकता र प्रतिफलमुखी अनुदान", "एक घर एक रोजगारी कार्यक्रम" तथा "लैङ्गिक हिंसाविरुद्ध जनचेतनामूलक कायक्रम" जस्ता यस पालिकाले विकास तथा समृद्धिका लागि धैरै कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन्। दलित, जनजाति, अपांगता भएका व्यक्ति तथा महिलाहरुलाई लक्षित गरी उद्यमशील कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ। यस पालिकाका विपन्न महिलाहरुको लैङ्गिक समानता र समावेशितालाई मूलप्रवाहीकरण गरी विकास गर्ने कुरामा यस पालिकाको दृढ विश्वास रहेको छ।

## ४. लैससास समस्या, चुनौती र अवसरहरु

नीति निर्माणका क्रममा यस पालिकाका पढाधिकारीहरु, कर्मचारी तथा गैर सरकारी संस्थाका प्रतिनिधी, पत्रकार, शिक्षक लगायत समाजका अभियन्ता तथा अधिकारकर्मीहरुसँग गरिएको छलफल तथा वैठकहरुबाट यस पालिकामा लैससास सम्बन्धी देहायनुसार विषयहरुलाई प्रमुख समस्या, चुनौती तथा अवसरका रुपमा उल्लेख गरेका छन् ।

**समस्या :**

- विभिन्न कारणले पछाडि पारिएका महिलाहरु (एकल महिला, दलित महिला, जनजाति महिला, आर्थिक अवस्था कमजोर भएका महिला र हिंसा पीडित महिला) मा आर्थिक समस्या,
- विशेष गरी दलित समुदायका महिलाहरुमा गर्भवती तथा सुत्केरीको समयमा कुपोषणको समस्या वढेको,
- विगत केहि वर्षदेखि बालबिवाह, बहुविवाह, घरेलु हिंसा तथा पाठेघर खस्ने समस्या अत्यधिक रुपमा बढेको,
- नेपालले प्रतिवद्धता व्यक्त गरेका मानव अधिकार सम्बन्धी दस्तावेज तथा दिगो विकास लक्ष्यका वारेमा कर्मचारी तथा पदाधिकारीमा पर्याप्त जानकारी नभएको र प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नभएको ।
- अझ पनि लैङ्गिक तथा जातिय भेदभाव कायम रहेको,
- रोजगारीको अवसरमा कमी,
- महिलाहरु व्यावसायिकभन्दा घरायसी काममा निर्भर भएको हुनाले परनिर्भरता वढेको,
- महिलाहरुको घरायसी कार्यवोझका कारण व्यवसायिक रुपमा अगाडी वढ्न नसकेको,
- आर्थिक अवस्था कमजोर भएका महिलाहरु सुत्केरीको अवस्थामा स्याहार सुसार तथा औषधी उपचार नपाएर अकालमा मृत्यु,
- पढाधिकारी तथा नागरिकहरुमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी बुझाइमा कमी,
- निर्णायक तहमा महिलाहरुको सहभागिता सहज नभएको ।
- वैदेशिक रोजगारका कारण घरमा अभिभावकविहीन भएर बालबालिकाहरुको विचलित भएको,
- बालविवाह वढेको, बालिकाहरुको विद्यालय निरन्तर हुन नसकेको ।
- किशोर किशोरीहरुमा दुर्व्यसन वढ्ने गरेको समस्यालाई सम्बोधन गर्न नसकेको ।
- अपांगता भएका व्यक्तिहरुका लागि उनीहरुको फरक क्षमतानुसार सिप विकास तथा रोजगारीको अवसरसम्बन्धी कुनै नीतिगत तथा कार्यक्रमहरु नभएको ।
- स्थानीय उत्पादन, प्रवर्द्धन तथा वजारीकरणमा लैङ्गिक मूलप्रवाहीकरणमुखी कार्यक्रम नभएको,
- युवा तथा पुरुषहरुमा जाँडरक्सी तथा लागु औषध सेवनको समस्या ।

ख) चुनौतीहरुः

- यस पालिकामा लैससाससम्बन्धी छुट्टै नीति तथा मापदण्डहरु नभएको,

- लक्षित वर्गहरुको (विपन्न, जोखिममा परेका तथा सिमान्तकृतमध्येमा पनि महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका आदि व्यक्तिहरु) अवस्थाको बारेमा एकिन लैङ्गिक तथा सामाजिक खण्डिकृत तथ्यांक नहुनु,
- पुरुष सदस्यहरुमा महिलाको प्रजनन स्वास्थ्य समस्याको ज्ञान नभएको,
- महिला विरुद्धका लैङ्गिक हिंसामा उजुरी सहज नभएको,
- महिला विरुद्धका हिंसा परिवार तथा समाजमा सहज रुपमा लिने प्रवृत्ति,
- पालिकामा आर्थिक स्रोत साधन पर्याप्त नभएको,
- पालिकाबाट सञ्चालित कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण दृष्टिकोणबाट सशक्त बनाउन नसक्नु,
- लैङ्गिक विभेद, सामाजिक कुरीति, छुवाछुत र कुप्रथालाई दिगो विकासको वाधकको रुपमा हेर्न नसक्नु,
- गाउँपालिकाबाट सञ्चालित क्रियाकलापहरु लैससासको अवधारणाबाट अनुगमन तथा मूल्यांकन नहुनु,
- स्थानीय उत्पादनलाई स्वरोजगारीको अवसरको रुपमा विकास गर्न नसक्नु र वजार व्यवस्थापन गर्न नसक्नु
- महिला, दलित, अपांगता भएका व्यक्ति तथा आर्थिक अवस्था कमजोर भएका वर्गको आर्थिक विकासका लागि व्यावसायिक रुपमा अगाडि वढाउन सहयोग तथा सहकार्य हुन नसक्नु,
- वैदेशिक रोजगारमा जाने रोक्नको लागि स्वरोजगारमूलक कार्यक्रम पालिकाले ल्याउन नसक्नु,
- महिलाको समस्या सम्बोधन गर्न पालिकामा छुट्टै शाखाको व्यवस्था नहुनु ।

**अवसरहरु :**

उक्त समस्या तथा चुनौतीलाई सम्बोधन गर्न पालिकाभित्र देहायका अवसरहरु रहेका छन्: उपाध्यक्ष उद्यमी कार्यक्रम", "उत्पादन वृद्धि दार्माको समृद्धि", "कृषिमा आवश्यकता र प्रतिफलमुखी अनुदान", "एक घर एक रोजगारी कार्यक्रम" तथा "लैङ्गिक हिंसाविरुद्ध जनचेतनामूलक कायक्रम" र अन्तर जातिय विवाह प्रोत्साहन जस्ता यस पालिकाको कार्यक्रमले उल्लिखित समस्या तथा चुनौतीलाई सम्बोधन गर्न थप सहयोग हुनेछ । पालिकाप्रति नागरिक तथा स्थानीय संघसंस्थाको सकारात्मक सोच र लैससास नीतिमार्फत गाउँपालिकालाई जनताप्रति उत्तरदायी र जवाफदेही बन्न सहयोग हुनेछ ।

## ५. लैससास नीतिको आवश्यकता तथा महत्व:

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कार्यान्वयनमा ल्याइएको छ । सोही ऐनको दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा, स्थानीयस्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषयगत क्षेत्रमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने दायित्व स्थानीय सरकारको रहेको छ

। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख गरिएबमोजिम गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत आफ्नो पालिकामा आर्थिक तथा सामाजिक रुपले पछि परेका वा पारिएका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्नुपर्ने र पालिकामा समस्याको रुपमा बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्वसमेत स्थानीय सरकारको रहेको छ। त्यसैले संवैधानिक तथा कानूनी दायित्व पूरा गर्नुका साथै देहायका आधार कारणसहित पालिकामा लैससास नीतिको आवश्यकता रहेको छ।

क) लामो समयदेखि विकास तथा नेतृत्वको मुलधारबाट वञ्चितीकरणमा रहेका महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, सीमान्तकृत समुदायका साथै अन्य विभिन्न कारणले पछाडि पारिएका समुदायलाई विकासमा मूलप्रवाहीकरण गरी सामाजिक न्यायसहितको दिगो विकास गर्न,

ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानीयकरण गरी दिगो विकासका लक्ष्य प्राप्त गर्न,

ग) पालिकाको योजना तर्जुमा प्रक्रियादेखि कार्यक्रम सञ्चालन र परिणामसमेत लैससासमैत्री बनाउन,

घ) लैससासको अवधारणानुरुप पालिकाको शासन तथा नीतिगत तहमा सबैको समान प्रतिनिधित्व सुनिश्चित गर्न,

ङ) गाउँपालिकाको सबै स्रोतहरुमा आवश्यकतानुसार लैससास उत्तरदायी बनाउन,

च) गाउँपालिकाबाट सञ्चालित कार्यक्रमहरु लक्षित समूहसम्म पुऱ्याउन मार्गनिर्देशन गर्न,

छ) पालिकाको क्षेत्रमा समानुपातिक विकासको लागि मानवीय तथा संस्थागत क्षमता सुदृढीकरण गर्न,

ज) लैङ्गिक समानता तथा सामाजिक न्यायमा आधारित समृद्ध समाज निर्माण गर्न,

झ) समाजमा विद्यमान लैङ्गिक, जातिय, क्षेत्रीय, भाषिक, तथा सामाजिक, आर्थिक र अन्य विभेदहरुको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न र समाजको विविधतालाई संरक्षण गर्न,

ञ) समाजमा रहेका असमान शक्ति सम्बन्धको अन्त्य गरी समानता र न्यायपूर्ण सम्बन्धहरुको विकास गर्न,

# ६. दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य:

## ६.१ दीर्घकालीन सोच:

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसहितको समृद्ध दार्मा गाउँपालिका निर्माण गर्ने ।

## ६.२. दीर्घकालीन लक्ष्य:

समाजमा विद्यमान लैङ्गिक तथा जातिगतका आधारमा हुने हिंसा तथा भेदभावहरु उन्मूलन गरी महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका साथै लक्षित वर्गहरुबिच समानता कायम गर्ने ।

## ६.३ उद्देश्यहरु:

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री नीतिगत व्यवस्था गर्ने ।

ख) लैङ्गिक उत्तरदायी संस्थागत संरचनाको विकास गर्ने ।

ग) विभिन्न कारणले पछाडि पारिएका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको हक अधिकारको संरक्षण, सम्वर्द्धनको लागि सशक्तिकरण गर्ने ।

घ) महिला तथा अन्य पछाडि पारिएका समुदायको नेतृत्व विकास गर्ने ।

ङ) समाजमा विद्यमान पितृसतात्मक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वासका साथै लैङ्गिकता तथा जातिगत आधारमा हुने छुवाछुत तथा हिंसा उन्मूलन गर्ने ।

## ६.४ परिभाषा

| | |
|---|---|
| नीति: | **"दार्मा गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण ( लैससास) नीति, २०७९"** लाई जनाउँदछ । |
| लिङ्ग: | "लिङ्ग" भन्नाले जन्मदाकै अवस्थाम जैविक आधारमा (जनेन्द्रिय) महिला, पुरुष वा अन्य फरक लिङ्गी भनि थाहा पाउने प्राकृतिक पहिचान |
| लैङ्गिकना: | लैङ्गिकता भन्नाले लिङ्गको आधारमा महिला, पुरुष तथा अन्य फरक लिङ्गीहरुको लागि समाजबाट निर्धारित पहिचान, मूल्य, मान्यता तथा भूमिकाहरुलाई जनाउँदछ । |
| अन्तरपक्षीय (Intersectionality): | कुनै एक व्यक्तिले लिङ्ग, जातजाति, वर्ग र अन्य धेरै तत्वका आधारमा कसरी दमनको सामना गर्नुपर्दछ भन्ने बारे विश्लेषण गर्ने अवधारणा, सामाजिक पहिचान एव दमन, शोषण वा विभेदजन्य प्रणालीका कारण सीमान्तकृत भएका व्यक्तिहरुको बारेमा बुझ्ने आधारलाई जनाउँदछ । |
| लैङ्गिक खण्डीकरण तथ्याक: | लैङ्गिकताको आधारमा (महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसख्यक) सख्या, आर्थिक सामाजिक शैक्षिक तथा अन्य विषयमा छुट्टाछुट्टै तथ्याकहरु सकलन गर्ने तथा व्यवस्थित गर्ने । |
| बहुविभेद (Multiple discrimination) : | लिङ्ग, वर्ण, जातजाति, धर्म वा आस्था, अपाङ्गता, उमेर, यौनिक रुझान वा अन्य विशेषताहरुमध्ये केही वा सबैका आधारमा गरिने भेदभाव |
| लैङ्गिक समता : | लिङ्गको आधारमा महिला, पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यक हरुको फरक आवश्यकताको आधारमा स्वच्छ निष्पक्ष र न्यायिक व्यवहार |

तथा लैङ्गिक समानता कायम गर्नको लागि गरिने न्यायिक व्यवहार तथा नीतिगत पहलहरु ।

लैङ्गिक समानता: महिला, पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यक बिच निजी तथा सार्वजनिक जीवनमा मानव अधिकारको उपयोग, योगदान, पहुँच तथा लाभमा समान अवस्था र अवसर ।

लैङ्गिक मूलप्रवाहीकरण: विकास तथा न्यायको पद्धतिमा महिला, गरिब तथा वञ्चितीकरणमा पारिएका व्यक्तिहरुको विषय तथा व्यवधानलाई मूलप्रवाहमा राखी कार्य गर्ने वा सो प्रकृयामा लैङ्गिक समानतालाई के कसरी अवलम्बन गर्ने वा मूलधारमा राख्ने भनि सुनिश्चित गर्ने रणानीति हो ।

लैङ्गिक आवश्यकता: लैङ्गिकताको अनुभवको आधारमा महिला र पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकले प्राथमिकता दिएको र व्यक्त गरेका आवश्यकताहरु

लैङ्गिक योजना: लैङ्गिक संवेदनशील नीति कार्यान्वयन गर्न गरिने प्राविधिक र राजनीतिक प्रकृया र कार्यविधि ।

लैङ्गिक सम्बन्ध: महिला, पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यक बिच प्रभुत्व वा अधिनस्तता जनाउने श्रेणीवद्ध शक्ति सम्बन्ध ।

लैङ्गिक तालिम: लैङ्गिक समानताका लागि लैङ्गिक मुद्दामा व्यक्तिगत वा संस्थागत चेतना तथा क्षमता अभिवृद्धि ।

लैङ्गिक हिंसा: लैङ्गिकताका आधारमा शारीरिक, मानसिक, आर्थिक, सांस्कृतिक, यौनजन्य तथा प्रजनन स्वास्थ्यमा हानि पुऱ्याउन सक्ने काम वा धम्की ।

पितृसत्ता: पुरुषबाट समाज निर्देशित हुनुपर्छ र महिला पुरुषको अधिनष्ट हो भन्ने मान्यता नै पितृसत्ता हो । पुरुष प्राथमिकीकरण मूल्य मान्यता र विश्वास

पितृसत्तात्मक संरचना: पुरुषको महिलामाथिको शारीरिक, सामाजिक र आर्थिक प्रभुत्व रहने गरी पद्धतिगत रुपमा संस्थागत गरिएको व्यवस्था ।

लैङ्गिक भेदभाव: लिङ्गको आधारमा अर्थात किशोर किशोरी महिला पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकको आधारमा गरिने भेदभावपूर्ण सोच, व्यवहार, मूल्य मान्यता र कानूनी व्यवस्था ।

लैङ्गिक श्रम विभाजन: समाजद्वारा निर्धारित मान्यताका आधारमा महिला र पुरुषका लागि कुन काम गर्न ठिक वा बेठिक भनि गरिने निर्धारण ।

लैङ्गिक तटस्थ: विद्यमान लैङ्गिक असमानतालाई निरन्तरता दिने ।

लैङ्गिक सवेदनशील: विद्यमान लैङ्गिक असमानतालाई सम्वोधन गर्न आवश्यक लैङ्गिकमैत्री वातावरण, बोलीचाली, व्यवहार, स्रोत सामग्री, नीति नियम, सेवा सुविधा, सूचना प्रवाह आदि ।

लैङ्गिक रुपान्तरण: महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको विद्यमान लैङ्गिक भूमिका र सम्बन्धलाई पुन:परिभाषित गर्ने ।

लैङ्गिक उत्तरदायी बजेट: लैङ्गिक समानता र आर्थिक उन्नतिका लागि विकास र लगानीमा महिला र पुरुषको समान पहुँच पुऱ्याउन छुट्याउने बजेट ।

समावेशिता: शासकीय प्रणालीको निर्णय तथा कार्यान्वयन गर्ने प्रकृयामा जनताहरुको विविधता तथा बहुलतालाई समावेश गर्ने नीति ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण: लैङ्गिक तथा समाजमा रहेका विभिन्न जातजाति आथिक तथा सामाजिक अवस्थाको आधारमा सबैलाई समाज तथा निर्णायक तह तथा प्रक्रियामा अर्थपूर्ण सहभागिताको लागि गरिने सकारात्मक प्रयास तथा पहलहरु

| | |
|---|---|
| वहिष्कृत समूहः | लामो समयदेखि प्रणालीगत रुपमा विभिन्न कारणले बञ्चितीकरणमा पारेका समुदायहरु । |
| पीडित समूह : | परिस्थितिगत रुपमा पछाडि परेका वा पछाडि पर्ने सम्भावना भएका समूह |
| लैङ्गिकता प्रभाव विश्लेषण तथा मूल्यांकन : | महिला तथा पुरुषहरुमा फाइदाजनक प्रभाव परेको छ छैन सो को सुनिश्चित गर्न यसले नीति तथा अभ्यासहरुको विश्लेषण तथा मूल्यांकन गर्न । |
| लैङ्गिक तथा समावेशी संवेदनशीलः | महिला, गरिब तथा वहिष्कृत वर्गलाई क्षेत्रीय स्रोत तथा अवसरहरुमा पहुँचको सुनिश्चितता गर्न महिला, पुरुष तथा यौनिक अल्पसंख्यकहरुको विभिन्न आवश्यकता, असमान शक्ति सम्बन्ध तथा असमानतालाई सम्वोधन गर्नु । |
| लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरु : | कार्यालयमा लैङ्गिकता समानता तथा सामाजिक समावेशीकरण विषयमा काममा नीतिगत सुझाव दिने, काम गर्ने तथा सम्पर्क गर्ने व्यक्ति । |
| GESI संवेदनशील अनुगमन तथा मूल्यांकनः | लैंगिकताको आधारमा शक्ति संरचना र प्रयोगमा हुने अन्तर मापन गर्ने आधार नै GESI संवेदनशील अनुगमन तथा मूल्यांकन । |
| महिला सशक्तिकरणः | महिला सशक्तिकरण भनेको महिलालाई आफुहरुमाथि भएको सामाजिक आर्थिक राजनीतिक कानूनी तथा व्यवहारमा हुने गरेका लैङ्गिक विभेदको विरोध गरि गलत र सहि छुत्याउन सक्ने, गलत कार्यको विरोध गर्ने चुनौती दिने र सच्याउन पहल गर्न सक्ने क्षमतावान वनाउने प्रक्रिया । |
| सकारात्मक विभेदः | फरक तथा भेदभावका कारण पछाडि पारिएका समुदाय तथा क्षेत्रको लागि अरु जस्तै समान अवस्थामा पुऱ्याउनका लागि प्राथमिकताको आधारमा दिने थप सेवा सुविधा र विशेष व्यवस्था । |

## ७. नीतिहरु:

माथि उल्लिखित उद्देश्यहरु परिपूर्तिका लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

१) नीति, कानून, योजना तथा कार्यक्रमलाई लैंङ्गिक समानता तथा सामाजिक समावेशीमूलक बनाउने,
२) लैङ्गिक समानता तथा समोवेशीमुखी संस्थागत संरचनाको विकास गर्ने,
३) लक्षित वर्गहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य अधिकारको संरक्षण, सम्वर्द्धन तथा सशक्तिकरण गर्ने,
४) नेतृत्व तथा निर्णायक तहमा महिला तथा  लक्षित वर्गहरुको अर्थपूर्ण सहभागिता र नेतृत्व तथा क्षमता विकास गर्ने,
५) पितृसतात्मक, विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वासका साथै लैङ्गिक तथा जातिगत हिंसारहित गाउँपालिका वनाउने,
६) यस गाउँपालिकाको कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी तथा समावेशी बनाउने ।

## ८. रणनीति तथा कार्यनीतिहरु:

| |
|---|
| **८.१. नीति १:** नीति, कानून, योजना तथा कार्यक्रमलाई लैंङ्गिक समानता तथा सामाजिक समावेशीमूलक बनाउने |
| **रणनीति** |
| • यस गाउँपालिकाबाट हालसम्म तर्जुमा भएका विभिन्न नीति, कानून, मापदण्ड, कार्यविधि तथा विभिन्न क्षेत्रगत योजनाहरु लैससासमैत्री वनाउन आवश्यक संशोधन गर्ने,<br>• यस गाउँपालिकाले अव निर्माण गर्ने नीति, कानून, कार्यविधि तथा मापदण्ड लैससास नीतिसँग मिलान हुने गरी तर्जुमा गरी लागु गर्ने,<br>• यस लैससास प्रभावकारी रुपमा कार्यान्वयनको लागि अन्य आवश्यक कानून, निर्देशिका तथा मापदण्डहरु तयार गरी लागु गर्ने । |
| **कार्यनीति** |
| • यस गाउँपालिकाबाट निर्मित नीति, कानून, मापदण्ड, योजनाहरु लैससासको दुष्टिकोणबाट पुरावलोकन गरी आवश्यकतानुसार परिमार्जन गर्दै जाने,<br>• लैससास नीतिअनुसार यस पालिकामा लैङ्गिक समानता तथा समावेशीता प्रवर्द्धन गर्न सबै तह र क्षेत्रमा दिर्घकालीन तथा अल्पकालीन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• यस लैससास नीति कार्यान्वयन गर्न र गराउन आवश्यक निर्देशिका तथा कार्यविधिहरु तयार गरी कार्यान्वयन गर्न अनुकूल वातावरण तयार गरिनेछ,<br>• लैङ्गिक विभेद तथा हिंसा र जातिगत भेदभाव अन्त्यको लागि लक्षित  समुदायको सहभागितामा नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने । |

## ८.२. नीति २: लैङ्गिक समानता तथा समावेशीमुखी संस्थागत संरचनाको विकास गर्ने

**रणनीति**

- यस गाउँपालिकामा लैससास कार्य प्रणालीको सुधार गर्न संस्थागत तथा मानवीय विकाससम्बन्धी आवश्यक कानून तथा निर्देशिकाहरु वनाई कार्यान्वयन गर्ने,
- यस गाउँपालिकाबाट गठन गर्ने विभिन्न समितिहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सिद्धान्त बमोजिम सदस्यहरुमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ,
- योजना तर्जुमाको प्रक्रियामा लक्षित समुदायको क्षमता अभिवृद्धि गरी अर्थपूर्ण सहभागिता तथा लाभान्वितततासमेतको सुनिश्चितता गर्ने,
- यस पालिकाको सेवा प्रवाह, प्रक्रिया तथा संयन्त्र लैससासमैत्री वनाउने ।

**कार्यनीति**

- यस गाउँपालिकाबाट गठन हुने सबै प्रकारका समितिहरुमा विषयगत आवश्यकतानुसार महिला, दलितसहित लक्षित वर्गहरुको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता हुने गरी गठन गरिनेछ ।
- यसरी गठन हुने समितिहरुमा अध्यक्ष वा उपाध्यक्ष जस्ता प्रमुख पहिलो र दोस्रो पदमा फरक लिङ्ग तथा फरक समुदायको हुने गरी समितिहरु गठन गरिनेछ,
- यस गाउँपालिकाबाट कार्यक्रम सञ्चालनको क्रममा गठन गर्ने विभिन्न समूह तथा उपभोक्ता समितिहरुमा विषयगत आवश्यकतानुसार महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, दलित,जनजाति, अपागता तथा अन्य पछाडि पारिएका समुदायको प्रतिनिधित्वको सुनिश्चितता हुने गरी गठन गरिनेछ यसरी गठन गर्ने समूह तथा उपभोक्ता समितिहरुको प्रमुख पहिलो र दोस्रो पदमा फरक लिङ्ग तथा फरक समुदायको हुने गरी गठन गरिने छ,
- यस गाउँपालिकाको भौतिक संरचनाहरु लैससासमैत्री (स्तनपान तथा गर्भवती महिलाका लागि विश्राम कक्ष, अपांगता भएका व्यक्तिका लागि र्‍याम्प तथा अपांगमैत्री सेवा व्यवस्थापन, जेष्ठ नागरिकको लागि सहज सेवा, महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र अपांगता भएका व्यक्तिको लागि छुट्टै शौचालय आदि) वनाउनका लागि भौतिक संरचना निर्देशिका निर्माण गरी लागु गरिने छ,
- यस गाउँपालिकामा लैङ्गिक तथा प्रजनन स्वास्थ्यमैत्री संरचना अनुगमन निर्देशिका निर्माण गरी निर्देशिका कार्यान्वयनमा आवश्यक वजेट व्यवस्थापन गर्नेछ,
- यस गाउँपालिकामा सम्भव भएसम्म कर्मचारी, विशेषज्ञ तथा करारका कर्मचारीहरु भर्ती गर्दा लक्षित वर्गको प्रतिनिधित्व हुने गरी समावेशीमूलक भर्तीलाई प्राथमिकता दिनेछ,
- वडा तथा बस्तीस्तरमा गरिने योजना तर्जुमासम्बन्धी छलफल तथा निर्णयहरु र कार्यक्रम कार्यान्वयन एवं अनुगमन प्रक्रियामा समेत महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गलगायत बञ्चितीकरणमा परेका वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ,

- यस गाउँपालिकामा रहेका लक्षित समुदायको गुनासो सुन्नका लागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिने छ।

**८.३. नीति ३: लक्षित वर्गहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य अधिकारको संरक्षण, सम्बर्द्धन तथा सशक्तिकरण गर्ने।**

**रणनीति**

- यस गाउँपालिकामा सूचनाको अधिकार सुनिश्चितताको लागि लैससाससम्बन्धी एकिकृत सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने,
- समुदायमा लक्षित वर्गहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य अधिकारसम्बन्धी कानूनी हक अधिकारको बारेमा सचेतना जगाउने,
- महिला, किशोरी तथा बालिकालाई यस गाउँपालिकाबाट उपलब्ध गराइने स्वास्थ्य तथा शिक्षाको अवसरमा पहुँचको सुनिश्चितता गर्ने,
- लक्षित वर्गहरुको आर्थिक अवस्था सुधारको लागि अनुदानसहितको विशेष नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने,
- यस गाउँपालिकामा लैससास केन्द्रित स्रोत साधन कार्यविधि र मापदण्डहरुको आधारमा वितरण गर्ने,

**कार्यनीति**

- यस गाउंपालिकाबाट उपलब्ध गराउने सेवा, सुविधा तथा अवसरका साथै विकासका कार्यक्रमको सूचना सम्प्रेषण गर्दा लक्षित समुदायहरुको पहुँचमा हुने गरी वडास्तरबाट सम्प्रेषण गरिने छ,
- सूचनाको सहज पहुँचको लागि आवश्यक परेमा सार्वजनिक सञ्चार, स्थानीय एफ.एम. तथा मातृभाषासमेत प्रयोग गरी व्यापक रुपमा सूचना सम्प्रेषणको व्यवस्था गर्ने,
- यस गाउंपालिकाको लक्षित वर्ग तथा हिंसाबाट पीडित महिलाहरु (एकल महिला, दलित महिला, जनजाति महिला, अपागता भएका महिला, हिंसाबाट पीडित महिला आदि) को आर्थिक अवस्था उन्नतिका लागि कृषि, आयमूलक, सिपमूलक कार्यमा क्षमता विकास र व्यवसाय सञ्चालन गर्न अनुदान तथा सहयोगसहितको विशेष तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
- यस गाउंपालिकाबाट उपलब्ध गराइने सेवा, सुविधा र विकासका कार्यक्रमहरुमा सबै लक्षित वर्गको पहुँच बृद्धि गर्न वडास्तरमा जानकारीमूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- महिलाभित्रका पनि अन्तरविविधता (एकल महिला, दलित महिला, जनजाति महिला, आर्थिक अवस्था कमजोर भएका महिला, हिंसा पीडित महिला र अपागता भएका महिला) हरुको आर्थिक अवस्था

सुधारका लागि स्थानीय तहमा रोजगार तथा व्यवसायमूलक कार्यक्रमहरु सञ्चालन गर्ने, वडास्तरीय समूह तथा पालिकास्तरीय **"महिला उद्यमशील अभियान सञ्जाल"** निर्माण गरी परिचालन गरिने छ,

- स्थानीय तहमा स्थानीय कृषि उत्पादनमा वृद्धि गर्ने, उत्पादनलाई उचित मूल्यसहितको वजार व्यवस्थापन गर्ने र अनुगमन तथा मूल्यांकन गर्ने स्थानीय महिला उद्यमशील अभियान सञ्जालकै सदस्यहरुबाट विभिन्न समितिहरु वनाई आर्थिक अभिवृद्धि अभियानलाई नियमन तथा निरन्तरता दिन सहयोग गर्ने,
- यस पालिकाका लक्षित वर्ग तथा आर्थिक रुपमा कमजोर परिवारका बालबालिकाका लागि छात्रावृत्ति, प्रोत्साहनमूलक तथा विमामूलक कार्यक्रमहरुद्वारा शिक्षामा पहुँच वृद्धि गर्ने,
- वैदेशिक रोजगारबाट सृजित पारिवारिक, सामाजिक तथा बालबालिकाको विचलनलाई रोक्न महिला, पुरुष तथा युवा युवतीहरुका लागि **"आफ्नै देश आफ्नै पौरख"** नामक नारासहित व्यावसायिक शिक्षा, उत्पादनमूलक शिक्षा, स्वरोजगारमूलक शिक्षा तथा अवसर सृजनाका लागि आवश्यक सहयोग तथा अनुदानको व्यवस्था गर्ने,
- महिलाहरुलाई व्यवसाय सञ्चालन, बैङ्गिग तथा वित्तिय कारोबार सम्बन्धी शिक्षा प्रदान गर्नुका साथै आधारभूत कानूनी क्षमता विकास गर्ने ।
- यस गाउँपालिकाका महिलाहरुको यौन तथा प्रजनन स्वास्थ्य सुधारको **"प्रजनन स्वास्थ्य अधिकार दार्मा गाउँपालिकाको सरोकार"** नारासहित देहायको समस्याहरुको निशुल्क उपचार पालिकास्तरमा उपलब्ध गराउने व्यवस्था गर्ने :
- पाठेघर खस्ने समस्याको उपचार
- यौनरोगसम्बन्धी समस्याको उपचार
- अनिच्छुक गर्भधारण रोक्न छनौटको अधिकारसहित गर्भनिरोध साधनको उपलब्धता
- सुरक्षित गर्भपतनको सेवा
- बाँझोपन तथा महिनावारीसँग सम्बन्धित समस्याको उपचार
- महिला तथा लक्षित वर्गहरुको कानूनी हक अधिकार संरक्षण तथा सम्वर्द्धनको लागि जीवनका आधारभूत तथा विशेष अधिकार विषयमा महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुमा वडास्तरीय चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

- यस गाउँपालिकामा लैससास केन्द्रित स्रोत, साधन र सेवासम्बन्धी कार्यविधि र मापदण्डहरु तयार गरी सो आधारमा वितरण गर्ने,
- विशेष गरी हिंसामा पर्न सक्ने समूह महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमूलक, आयमूलक, उद्यमशिलता जस्ता आर्थिकोपार्जन र जीवनोपयोगी तालिम सञ्चालन गरी व्यवसायको लागि सहयोग गर्ने ।

**८.४. नीति ४:** नेतृत्व तथा निर्णायक तहमा महिला लक्षित वर्गहरुको अर्थपूर्ण सहभागिता र नेतृत्व क्षमता विकास गर्ने ।

**रणनीति**

- महिलाहरुको नेतृत्व क्षमता विकासका लागि विशेष नीति तथा कार्यक्रम तयार गर्ने,
- समुदायहरुमा लक्षित वर्गहरुको अर्थपूर्ण सहभागिताका विशेष नीति तथा कार्यक्रमहरु सञ्चालन गर्ने
- निर्वाचित पदाधिकारीहरुको विषयगत नेतृत्व विकासका लागि नेतृत्व तथा क्षमता विकाससम्बन्धी तालिम सञ्चालन गर्ने र नेतृत्वदायी भूमिकामा प्रोत्साहन गर्ने,
- आर्थिक क्षेत्रमा महिलाहरुको नेतृत्व विकासका लागि घरायसी कार्यबोझ बाँडफाँड आर्थिक अधिकार सम्बन्धी अभियान चलाउने,

**कार्यनीति**

- यस गाउँपालिकामा निर्वाचित पदाधिकारीहरुको अर्थपूर्ण नेतृत्व विकासका लागि जिम्मेवारीअनुसार विषयगत नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,
- समुदायमा महिलाहरुको नेतृत्व विकासमा वाधकको रुपमा रहेका आर्थिक परनिर्भरतालाई हटाउन लैङ्गिकतामा आधारित श्रम विभाजनसम्बन्धी परम्परागत भूमिका कम गरि गैर पारम्परिक काममा सहभागी वढाउन आर्थिक अधिकार तथा अवसरको सम्बन्धमा महिला र पुरुषको समूहमा चेनतामूलक कार्यक्रम चलाउने,
- महिलाको घरको कार्यबोझ कम गरी महिला उद्यमशिलता विकास गर्न "**पुरुषको सहयोग महिलाको पौरख** " नामक अभियानमूलक कार्यक्रम टोलस्तरमा पुरुष समूह बनाई सञ्चालन गर्ने रसफल पुरुषको लागि वार्षिक रुपमा "**सहयोगी पुरुष पुरस्कार**" नाउँमा वार्षिक पुरस्कार स्थापना गर्ने र वितरण गर्ने,

- प्रत्येक वडामा महिला उद्यमशिला विकास समूह गठन गरी समुहमा एक समुह एक उत्पादनको लागि गाउँपालिकाले अनुदान सहयोग गर्ने,
- यस गाउँपालिकाबाट कार्यक्रम सञ्चालनको क्रममा गठन गर्ने विभिन्न समूह तथा उपभोक्ता समितिहरुमा विषयगत आवश्यकतानुसार महिला, दलित, जनजाति, अपांगता तथा अन्य पछाडि पारिएका समुदायको नेतृत्वको लागि **"मेरो सवाल मेरो नेतृत्व"** नामक नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र अनिवार्य नेतृत्वका लागि प्रोत्साहन गर्ने,
- राजनीतिमा महिलाहरुको नेतृत्व विकासका लागि परिवारका सदस्यहरुसँग घरायसी कार्यबोझ बाँडफाँड अभियानमुखी कार्यक्रम सञ्चालन गर्ने ।

**८.५. नीति ५ : पितृसतात्मक, विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वासका साथै लैङ्गिक तथा जातिगत हिंसारहित गाउँपालिका स्थापित गर्ने ।**

**रणनीति**

- यस गाउँपालिकामा विद्यमान लैङ्गिकतामा आधारित महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुमाथि हुने हिंसा निरोधात्मक, उपचारात्मक तथा न्यायको सुनिश्चितताका लागि नीतिगत व्यवस्था गर्ने,
- समाजमा विद्यमान जातिगत भेदभाव, अमर्यादित व्यवहारको अन्त्य गर्ने,
- पितृसतात्मक तथा लैङ्गिक हिंसालाई प्रोत्साहन गर्ने मूल्य, मान्यता, कुरीति, हानिकारक परम्परा तथा अन्धविश्वासविरुद्ध शून्य सहनशीलता अपनाउने ।

**कार्यनीति**

- सबै वडाका विभिन्न समुदायहरुमा विद्यमान (शारीरिक र मानसिक अवस्था एवं उमेरका कारण ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु समेतको) लैङ्गिक हिंसाको प्रकृनि (शारीरिक, मानसिक र आर्थिक), कारकतत्वहरु, परिणाम र समाधानका उपायहरु बारे सर्वेक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने ।
- **"खुलेर बोलौ लैङ्गिक हिंसा अन्त्य गरौं"** नामक नारासहित लैङ्गिक हिंसाविरुद्ध वडास्तरीय समूह गठन गरी समूहगत रुपमा सचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने,
- वडाहरुमा प्रहरी, विद्यालय, महिला समूह, बालक्लब, किशोरकिशोरी समूह, युवा क्लब र धर्मगुरुहरु तथा पुरुषहरुको सहभागितामा लैङ्गिक हिसा विरुद्ध सचेतनामूलक अभियान संचालन गर्ने ।
- जिल्ला प्रहरी कार्यालयसग समन्वय गरी सबै किसिमका लैङ्गिक हिंसा विरुद्ध सरल र सहज ढङ्गबाट उजूरी दर्ता गर्ने र सम्बोधन गर्ने प्रणालीको विकास गर्ने ।

- महिलाविरुद्धका हिंसा र भेदभावपूर्ण व्यवहारविरुद्धका हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको (Men Engagé) अर्थपूर्ण सहभागिताका लागि पूरुष अभियान कार्यक्रम सञ्चालन गर्ने । वार्षिक रुपमा प्रत्येक वडाका एक परिवारका सफल पुरुष सदस्यलाई **उत्कृष्ट पुरुष पुरस्कार** वितरण गर्ने,
- यस गाउँपालिकामा विद्यमान लैङ्गिकतामा आधारित महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु विरुद्ध हुने गरेका हिंसाको तथ्यांक संकलन गर्न स्थानिय गैर सरकारी संस्थाहरुसँग सहकार्य गर्ने ।
- **"लैङ्गिक हिंसाविरुद्धको अभियान दार्माको पहिचान"** नामक नारासहित लैङ्गिक हिंसा शून्य सहनशील गाउँपालिका घोषणा गर्ने,
- "लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी पाँच वर्षे रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,
- लैङ्गिक तथा जातिगत हिंसाविरुद्ध कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्ने र विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनको लागि कानूनी कार्यान्वयन निकायहरुसँग छलफल कार्यक्रम सञ्चालन गर्ने,
- लैङ्गिक हिंसा, घरेलु हिंसा, अन्धविश्वास, छुवाछुत, कुरीतिलगायतका गलत परम्परागत हानिकारक सामाजिक मूल्य, मान्यता र व्यवहारका विषयमा लक्षित वर्ग, जनप्रतिनिधि, स्थानीय संघसस्थालाई अभिमुखीकरण गरिने,
- विभिन्न सञ्चार माध्यमवाट लैङ्गिक हिंसा, घरेलु हिंसा, अन्धविश्वास, छुवाछुत, सामाजिक कुरीति उन्मूलन गर्न सचेतनामूलक सन्देश तथा कार्यक्रमहरु सञ्चालन गरिने,
- बालविवाह, घरेलु हिंसा, लागु औषध दुरर्व्यसनीविरुद्धका विद्यमान कानूनी, व्यवस्था, उजुरी संयन्त्र तथा दण्ड सजायबारे नागरिक वडापत्र बनाई वडावडामा टाँस गर्ने,
- स्थानीय तहमा गठन हुने बाल क्लब, महिला समूह, सहकारी, किशोरकिशोरी समूहलाई लैङ्गिक हिंसा, बालविवाह, घरेलु हिंसा, लागु औषध दुर्व्यसनी नियन्त्रणका लागि समूहगत रुपमा परिचालन गर्ने र उत्कृष्ट समूहलाई वार्षिक रुपमा **समाज सहजीकरण पुरस्कारबाट** सम्मान गर्ने व्यवस्था गर्ने,
- गाउँपालिका क्षेत्रभित्र रहेका निम्न माध्यमिक तथा माध्यमिक विद्यालयका शिक्षकहरुलाई लैङ्गिक हिंसा, बाल विवाह, लागु औषध दुर्व्यसनी, यौन दुर्व्यवहार र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,
- वैदेशिक रोजगारबाट सृजित पारिवारिक तथा सामाजिक विचलन नियन्त्रणको लागि परिवार परामर्श तथा सहयोग कार्यक्रम चलाउने र स्वरोजगारको लागि प्रोत्साहन गर्ने,

- गाउँपालिका क्षेत्रभित्र रहेका निम्न माध्यमिक तथा माध्यमिक विद्यालयका सामाजिक विषय तथा स्वास्थ्य विषयका शिक्षकसँग वार्षिक रुपमा वैठक वस्ने र अवस्थाको बारेमा अद्यावधिक गर्ने,
- हिंसाबाट जोखिम (पारिवारिक बहिष्करणमा परेका बालबालिका, अविभावक वैदेशिक रोजगारमा परी एकल भएका बालबालिका, हिंसा पीडित बालबालिका तथा अपांगता भएका बालबालिका) को संरक्षणका लागी स्थानीय स्तरमा संरक्षण गृहको स्थापना र सञ्चालन गर्ने ।
- न्यायिक समितिलाई लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्था, मुद्धाका प्रक्रियाँ, प्रमाण संकलन लगायत ध्यान दिनु पर्ने अत्यावश्यक सिद्धान्त तथा कानूनी प्रक्रियाको बारेमा क्षमता विकास गर्ने ।

## ८.२. नीति ६: गाउँ पालिकाको कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी तथा समावेशी बनाउने

### रणनीति

- यस गाउँ पालिकामा लैङ्गिक उत्तरदायी वजेट निर्माणका लागि नीतिगत व्यवस्था गर्ने,
- यस गाउँपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणप्रति उत्तरदायी बनाउने,
- यस गाउँपालिकामा लैससासलाई आन्तरिकीकरण गर्न गाउँपालिकाका प्रत्येक शाखा तथा सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्ने,
- गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणप्रति उत्तरदायी बनाउने ।

### कार्यनीति

- यस गाउँपालिकाको लागि छुट्टै लैङ्गिक उत्तरदायी वजेट निर्देशिका वनाई पालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लागु गर्ने,
- गाउँपालिकाको खण्डिकृत तथ्याङ्क समयानुसार अद्यावधिक र योजना तर्जुमाका साथै समीक्षा गर्न प्रयोग गरिने छ ।
- यस गाउँपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोणवाट लक्षित समुदायप्रति जवाफदेहिता सुनिश्चितता गर्ने,
- गाउँपालिकाको बार्षिक कार्यक्रम तथा सेवा प्रवाहलाई सामाजिक समावेशीकरणमैत्री बनाउन सबै शाखा तथा जनशक्तिहरुविच समन्वय र सहकार्य गरिने,
- वाषिक रुपमा कार्यक्रम तथा वजेटको लैङ्गिक लेखाजोखा/परीक्षण गरी कमजोर पक्षहरुको सुधारका लागि लैससास मूलप्रवाहीकरण कार्य योजना बनाई कार्यान्वयन गरिने छ,

- महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिकालगायत बञ्चितीकरणमा परेका विपन्न वर्ग र समुदायको आवश्यकताको पहिचान गरी उनीहरुको उत्थान तथा सशक्तिकरणका लागि विशेष कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्नेछ,
- कार्यक्रमको प्रभावकारिता मापनको लागि सार्वजनिक सुनुवाई (Public Audit) गरिने छ र सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदायको उपस्थिति र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई उचित रुपमा सम्बोधन गरिने छ,
- दार्मा गाउँपालिकाको मूल्याङ्कन प्रणाली र सूचकलाई परिमार्जित गरी प्रतिवेदनमा खण्डिकृत सुचना समावेश गर्ने व्यवस्था गरिने छ,

## परिच्छेद- ५

### ९.संस्थागत संरचना

यस नीतिमा भएका प्रावधानलाई प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्न, कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहकार्य गर्न, नीतिको प्रभावकारी कार्यान्वयन, अनुगमन, समीक्षा तथा आवश्यकतानुसार परिमार्जनका लागि निम्न अनुसार संरचनाको व्यवस्था गरेको छ ।

| गाउँपालिका स्तर | **वडा स्तर** |
|---|---|
| • उपाध्यक्षको संयोजकत्वमा लैङ्गिक तथा सासाजिक समावेशीकरण नीति कार्यान्वयन तथा निर्देशन समिति गठन गर्ने | • वडा अध्यक्षको संयोजकत्वमा वडास्तरमा लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन तथा निर्देशन उप-समिती<br>• नीतिगत व्यवस्था अनुसार आवश्यकताको आधारमा समुदायस्तरमा विभिन्न समुह तथा सञ्जालहरु गठन गर्ने । |

**क) पालिकास्तरीय लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन तथा निर्देशन समिति :** यस समितिमा देहायका सात सदस्यहरु रहने छ :

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख) कार्यपालिका सदस्यहरुमध्येबाट दलित सदस्य | सह संयोजक |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) प्रमुख सामाजिक विकास शाखा | सदस्य |
| ड) स्थानीय गैरसरकारी सघसस्थामध्येबाट | सदस्य (२ जनासम्म) |
| च) महिला विकास शाखा प्रमुख | सदस्य सचिव |

**ख) लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन तथा निर्देशन समितिको काम कर्तब्य र अधिकार :** यस समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) यस गाउँपालिकाको ऐन, कानून, नीति, आवधिक योजना, विषयगत योजना, पार्श्वचित्र र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेजको लैससासको अवधारणाबाट पुनरावलोकन लैससास अनुरुप बनाउन आवश्यक सशोधन तथा परिमार्जनको लागि प्राविधिक सहयोग गर्ने,

ख) यस गाउँपालिकाको योजना तथा वजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने,

ग) यस गाउँपालिकाको खण्डिकृत तथ्यांकको संकलन गर्न, व्यवस्था गर्न र समयानुकूल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

घ) गाउँपालिकाको नीति तथा योजनाहरु कार्यान्वयनसम्बन्धी अनुगमन तथा मूल्यांकन गर्ने गराउने,गाउँपालिकाको कार्यक्रम तथा वजेटको लैङ्गिक लेखाजोखा तथा परिक्षण गर्न नेतृत्वदायी भूमिका निभाउने,

च) यस गाउँपालिकाको कार्यक्रम तथा कार्यक्रम अनुगमन तथा मूल्यांकन लैङ्गिकमैत्री बनाउन र महिला नेतृत्व विकास गर्न आवश्यक पहल तथा समन्वय गर्ने,

छ) यस गाउँपालिकाको नीति, नियम, योजना, कार्यक्रमहरु लैससास अनुरुप बनाउन सम्बन्धित विषयविज्ञ तथा स्थानीय गैरसरकारी संघसंस्थाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने।,

ज) गाउँपालिकाको वजेट बाँडफाँट खर्चको लेखाजोखा, अनुगमन तथा मूल्यांकन प्रणाली सामाजिक लैङ्गिक तथा समावेशीकरणमैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समावेशीकरण उत्तरदायी बनाउन नियमित रुपमा गाउँपालिकालाई सुझाव दिने,

ञ) यस गाउँपालिकाको लैससाससम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

त) लैससास नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

त) यी माथि उल्लिखित कार्यहरु गर्न कार्य योजना र बजेटसहित योजना बनाई कार्यान्वयन गर्न र गराउने सहयोग गर्ने ।

**ग) लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन तथा निर्देशन उप-समिति** : पालिकाको प्रत्येक वडास्तरमा देहायबमोजिमका उपसमिति गठन गर्न सक्नेछ। सो उपसमिति मार्फत लैससाससम्बन्धी सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तरमा कार्यान्वयनको सुनिश्चितता गर्नेछ।

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडा सदस्यहरु (महिला र महिला दलितसहित) | २ जना सदस्य |
| ग) वडा सचिब | सदस्य सचिव |
| घ) अतिथि: सघसस्थाबाट आवश्यकतानुसार | १ जना |

**घ) लैससास समन्वय उपसमितिको काम, कर्तब्य र अधिकार** : यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) यस गाउँपालिकाको लैससास समन्वय समितिले गरेका कार्यहरु तथा सबै प्रकारका नीति नियम तथा योजनाहरु स्थानीय तहका समुदायहरु र नागरिक समाजसंग छलफल गरी लैससाससम्बन्धी विषयवस्तुहरुको समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने,

ख) यस गाउँपालिकाको योजना तथा वजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग र महिलाहरुलाइ सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ग) वडा तहको खण्डिकृत तथ्यांकको संकलन गर्न र समयानुकूल अद्यावधिक गर्न स्थानीय तहबाट आवश्यक सहयोग गर्ने,

घ) गाउँपालिकाको कार्यक्रमहरुमा वडास्तरबाट आवश्यकतानुसार सूचना सम्प्रेषण गर्ने र कार्यक्रममा समानुपातिक सहभागिताका लागि सहजीकरण गर्ने,

ङ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन तथा मूल्यांकन गर्ने गराउने र लैससास लेखाजोखा गर्न सहयोग गर्ने,

च) पालिकाबाट सञ्चालन गर्ने महिला नेतृत्व विकास कार्यक्रममा उपयुक्त सहभागी छनौट तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक सहयोग तथा सहकार्य गर्ने,

त) यी माथि उल्लिखित कार्यहरु गर्न गराउन अनुगमन तथा समन्वय समितिले चाहेको बेलामा आवश्यकतानुसार सहयोग तथा सहकार्य गर्ने,

ङ) **समितिको बैठक :** पालिकास्तरीय अनुगमन तथा समन्वय समितिको बैठक प्रत्येक त्रैमासिक रुपमा बस्नेछ र वडास्तरीय सहसमितिको बैठक प्रत्येक चौमासिक रुपमा बस्नेछ । आवश्यकतानुसार समितिको बैठक जुनसुकै बेला पनि बस्न सक्नेछ ।

## १०. अनुगमन तथा मूल्यांकन :

यस नीति कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्यांकन पालिकास्तरीय लैंगिक तथा सामाजिक समावेशीकरण नीति अनुगमन तथा समन्वय समितिले वा समितिले नियुक्ति गरेका विशेषज्ञहरुको टोलीले गर्नेछ । यसरी अनुगमन तथा मूल्यांकन गर्न छुट्टै निर्देशिका तयार गरी लागु गर्नेछ ।

## ११ समन्वय तथा सहकार्य :

यो रणनीति कार्यान्वयनका लागि गाउँपालिकाले सरोकारवालाहरूसँग देहायअनुसार सहकार्य र समन्वय गर्नेछ :

- लैङ्गिक हिंसाबाट प्रभावित तथा सेवामा पहुँच नभएका जोखिम समुदायका व्यक्ति तथा समूहहरू विशेष गरी महिला, बालबालिका, आर्थिक तथा सामाजिक रुपले पछाडि पारिएका समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, जनजाति, दलितका साथै लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सीमान्तकृत समुदायहरूमाथि भइरहेका हिंसा नियन्त्रण गर्न पालिका तथा जिल्लामा कार्यरत कानून कार्यान्वयन निकाय तथा संयन्त्रहरू, स्थानीय स्तरमा रहेका प्रहरी, स्वास्थ्य, विद्यालय, धर्मगुरु, नागरिक समाजलगायत संघीय सरकार, प्रदेश सरकार, विकास साझेदारलगायत विभिन्न समुदायसंग नीतिअनुसार कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहकार्य गर्ने ।
- गाउँपालिकाभित्र आर्थिक अवस्था कमजोर भएका समुदायहरू विशेष गरी महिलाहरूको आर्थिक अवस्थाको सुधारको सम्भावित अवसर तथा पहुँच वृद्धि गर्नको लागि स्थानीय तथा राष्ट्रिय स्तरमा कार्यरत विभिन्न सरकारी निकाय, विकास साझेदारहरू, निजी क्षेत्रसंग सहकार्य तथा समन्वय गर्ने ।
- कानूनको लैससास दृष्टिकोणबाट पुनरावलोकन गर्ने, कार्यक्रम अनुगमन खाका तयार पार्न र लैङ्गिक उत्तर दायित्व वजेट निर्देशिका तयार पार्न आदि कामको लागि सम्बन्धित सरकारी तथा गैरसरकारी सस्था र विशेषज्ञहरुसँग सहकार्य तथा समन्वय गर्ने ।
- नेतृत्व विकास तथा अन्य सिप, क्षमता तथा व्यावसायिक विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यकतानुसार विभिन्न सरकारी निकाय, विकास साझेदारहरू, निजी क्षेत्रसंग सहकार्य तथा समन्वय गर्ने ।
- लैङ्गिक खण्डिकृत तथ्याक संकलन गर्न र विश्लेषण गर्ने ।

- लैङ्गिक हिंसा प्रभावित महिला तथा लक्षित वर्गहरुको लागि निःशुल्क कानूनी सहायता सेवा प्रदान गरिरहेका संघ, संस्था तथा कानून व्यावसायीहरुको विवरण अद्यावधिक गर्ने ।
- प्रभावितहरुलाई प्रभावकारी निःशुल्क कानूनी सहायताको व्यवस्था गर्न सरोकारवालाहरुसंग सहकार्य गर्ने ।
- यस नीतिअनुसार आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रको विकाससँग सम्बन्धित कार्यक्रमको आवश्यक स्रोत संकलन तथा सहयोग प्राप्त गर्ने ।
- नीति नियम तथा कार्यक्रमको लैङ्गिक लेखाजोखा गर्न प्राविधिक सहयोग प्राप्त गर्ने ।
- रोजगारीमूलक कार्यक्रमको लागि आवश्यक सहकार्य र समन्वय गर्न गराउने ।

## १२. नीतिको पुनरावलोकन तथा सुधार:

यस नीतिमा आवश्यकतानुसार परिमार्जन गर्न प्रत्येक पाँच वर्षमा एक पटक नीतिको पुनरावलोकन गर्नुपर्ने छ । समितिले आवश्यक ठानेमा जुनसुकै वेला पनि गर्न सक्ने छ । यसरी पुनरावलोकन पालिकास्तरीय लैंगिक तथा सामाजिक समावेशीकरण नीति अनुगमन तथा समन्वय समिति आफै वा विशेषज्ञ नियुक्ति गर्ने ।

## १३: नीतिको कार्यान्वयन :

यस नीतिको कार्यान्वयनको लागि आवश्यकतानुसार अन्य कानून, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी लागु गर्ने ।

## १४ खारेजी तथा बचाउ

यस नीतिमा उल्लिखित कुराहरु प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म खारेज हुनेछ ।